# सूचना

अहिलेको बदलिएको परिस्थितिमा जूवाको केही महत्व नभएको र जनताको हित जूवा बन्द गर्नु नै ठहरिएकोले कोजाग्रत र पञ्चकको जूवासमेत बन्द गर्ने मन्त्रि-मण्डलबाट निर्णय भएको हुनाले अब उप्रान्त नेपाल भरमुलुकलाई कोजाग्रत र पञ्चकको जूवा बन्द गर्न आदेश गर्ने ठहरी यो सूचना जारी भएको छ

सेक्रेटरी

गृहविभाग

# पब्लिक सर्भिस कमिशनको
## सूचना नं. ४

त्रिचन्द्र कलेजलाई हिस्ट्री र पोलिटिक्सका निमित्त जम्मा दुइजना प्रोफेसर चाहिएका छन् । योग्यता उक्त विषयमा कमसेकम एम. ए. द्वीतीय श्रेणी हुनुपर्छ । तलब ग्याजेटेड स्केलअनुसार दिइनेछ । विशेष योग्यता भएकालाई तलबमा थप हुन सक्तछ । नेपाली जातीयता प्राप्त उम्मेदवारले यसै कमिशनको प. स. क. नं. १ फाराम वा त्यसको नमूना फाराममा दर्खास्त लेखी २००८ आश्विन २४ गते सम्ममा यस कमिशनमा पेश गर्नुपर्छ ।

सेक्रेटरी

पब्लिक सर्भिस कमिशन

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।